२. **वोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान** :२०७५/८/१६गते दिनको १२ :०० वजे, बरहथहवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बरहथवा, सर्लाही ।

३. **वोलपत्रखोल्ने मिति, समय र स्थान** : २०७५/८/१६गते दिनको २:०० वजे बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बरहथवा, सर्लाही ।

४. बोलपत्र जमानत वापत कबोल अंकको ५ (पाँच) प्रतिशतले हुने रकम बरहथवा नगरपालिकाको नाममा **'क'** वर्गको बैंकको १८० दिन अवधिको बैंक जमानत वा जमानवापतको रकम नेपाल बैंक लि. बरहथवा शाखामा बरहथवा नगरपालिकाको नाममा रहेको धरौटी खाता च.हि.नं.१४००३०००००००३००००२ मा जम्मा गरेको सक्कल भौचर सिलवन्दी वोलपत्रसाथ संलग्नहुनु पर्नेछ ।

५. **मुल्यंकनविधी** :न्यूनतम रकम भन्दामाथि बढाबढ विधिबाट ।

६. वोलपत्र सम्बन्धी विस्तृत जानकारी बरहथवा नगरपालिकाको सूचना पाटी तथा वेवसाईट www.barhathwamun.gov.np मा समेत हेर्न सकिनेछ ।

७. **ठेक्का सम्बन्धी सामान्य शर्तहरु :**

क) स्वीकृत कवोल अंक वरावरको रकम प्राप्त भए पछि मात्र सम्झौता गरि चलन पट्टा प्रदान गरिनेछ ।

ख) एकमुष्ट कवोल अंक बराबरको रकम सम्झौता गर्नु पूर्व बुझाउनु पर्ने छ । एकमुष्ट दाखिला गर्दा बढीमा १० % ले हुने रकम छुट प्रदान गर्न सकिनेछ ।

ग) कुनै कारणवाट कवोल अंक बराबरको रकम नउठेमा बोलपत्रदातालाई कुनै छुट दिईने छैन ।

घ) प्रचलित कानुन वमोजिम लाग्ने कर दस्तुर तथा अन्य शुल्क सम्वन्धित बोलपत्रदाताले नै बुझाउनु पर्नेछ । स्वीकृत कवोल अंकबाट कट्टा गर्न पाइने छैन ।

ङ) ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७६ असार १५ गते सम्म कायम रहने छ । तर तोकिएको परिमाण सो अवधि भन्दा पहिला नै संकलनगरि सक्न बाधा पर्ने छैन ।

च) बोलपत्रदाताले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ ।

छ) बोलपत्र स्वीकृत भएको मितिले बोटोको म्याद वाहेक ७ (सात) दिन भित्र बोलपत्रदाता नियमअनुसार आयकर, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपिलिई सम्झौतागर्न यस कार्यालयमा आउनु पर्नेछ । सम्झौता गरी पट्टा नउठाएमा वा बुझाउनु पर्ने रकम दाखिला नगरेमा निजले नियमानुसार राखेको धरौटी रकम जफत गरिनेछ । दोस्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पून:वोलपत्र आव्हान गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

ज) शुल्क उठाउने रसिदमा ठेक्काको शिर्षक उल्लेख गरी ३/३ प्रतिरसिद ठेकेदारले आफनै तर्फवाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिदनम्वर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ । ठेकेदारले मासिक रुपमा विक्रि विवरण यस कार्यालयमा पेश गर्नुपर्नेछ । विवरण पेश नगरेको कारण संकलन रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन ।